

# पार्टीका जगका ढुङ्गा

काशीनाथ अधिकारी
स्थायी कमिटी सदस्य

'जनता ठूला हुन् । आजको सभ्य संसारका निर्माता श्रमजीवी जनता हुन् । तसर्थ जीवनमा जनताको सेवा गर्नु सबैभन्दा महफ्वपूर्ण काम हो । जनताको माझमा जानुपर्छ र जनताबाट सिक्नुपर्छ । किताबबाट भन्दा जनताको जीवन र सङ्घर्षबाट बढी ज्ञान प्राप्त हुन्छ ।' कम्युनिस्ट पार्टीमा लाग्दै गर्दाका प्रारम्भिक दिनमा अग्रजहरूबाट यस खालका कुरा पटक–पटक भैरहन्थे । ध्यानपूर्वक कुरा सुने पनि मनले पत्याउँदैनथ्यो । पछि आएर माओ त्सेतुङले 'रेडबुक' मा उल्लेख गरेका तीन लेखका सन्दर्भ (जनसेवक चाङ स त, नर्मन बेथ्युन र पहाड पल्टाउने मूर्ख बुढो), भियतनामको 'अजम्मरी गाउँ', गोर्कीको 'आमा' जस्ता रचनाहरू पढियो । अहो, यस्ता पनि मानिस हुने रहेछन् जस्तो लाग्यो । तर त्यो त चीन, रुस र भियतनामको कुरा पो हो त, नेपालमा त्यस्ता महान् जनता कहाँ होलान् र भन्ने लाग्थ्यो । अग्रज कमरेडहरूका सामु टाउको हल्लाउँदै गइयो । मनमा विश्वास थिएन । तत्कालीन समाजको भेदभाव, गरिबी, शोषण, अन्याय, निरङ्कुश शासनका कारण मनमा आक्रोश उत्पन्न हुन्थ्यो । तसर्थ परिवर्तनको आन्दोलनमा लाग्दै गइयो । पञ्चायती शासनको दमन बढ्दै जाँदा परिस्थिति यस्तो आयो कि खुल्ला रहेर काम गर्न नसकिने भइयो ।

भूमिगत जाँदै गर्दा पनि जनताप्रति पूरै विश्वास जागिसकेको थिएन । आफ्नो किताबी ज्ञानप्रति बढी नै घमण्ड थियो । सिक्ने भन्दा सिकाउने मानसिकता ज्यादा थियो । जनताका बीचमा, खासगरी तल्लो तहका वर्गीय जनताको घरमा बसेर काम गर्दै जाँदा क्रमशः नयाँ अनुभूति हुन थाल्यो । झुपडीमा बस्ने, श्रम गरी खाने, अशिक्षित जनताले गरेका व्यवहार र उनीहरूको जीवनदृष्टिले मलाई आफूभित्र रहेको पेटीबुर्जुवा चिन्तनको घैंटो क्रमशः चर्किन थालेको र अर्ग्यानिक ज्ञानको ढोका उघ्रिँदै गएको

अनुभूति हुन थाल्यो। जनताका बीचमा काम गर्दै जाँदा ज्ञानको फराकिलो क्षितिज देखिँदै गयो। हाम्रो देशका जनता अरू देशका भन्दा कम रहेनछन्। नेपालका श्रमजीवी जनतामा झन् असाधारण विशेषता रहेछन् भन्ने लाग्दै जान थाल्यो। जब–जब जनताको सङ्घर्षपूर्ण जीवन र व्यवहारबाट नयाँ–नयाँ कुरा सिक्दै र प्रेरित हुँदै जान थालियो, तब–तब श्रमजीवी जनताको शक्ति र महानताप्रति परमश्रद्धा जाग्दै गयो।

मेरो सेल्टरतर्फको यात्रा विद्यार्थी जीवनबाटै सुरु भएको थियो। देशको सुन्दर भविष्य र नयाँ जीवनको सपना हृदयमा साँचेर चितवनको रामपुर कृषि क्याम्पसबाट २०३८ को अन्तिमतिर भूमिगत हिँडियो। क्याम्पस फेरि नफर्कने गरी हिँडेको त्यो दिन मङ्गलपुरस्थित कमरेड विष्णु घिमिरेको घरमा गएँ र उहाँमार्फत पार्टीलाई आफ्नो निर्णय स्वीकृतिका लागि पठाएँ। भोलिपल्ट म शुक्रनगरका थमबहादुर पुनको घरमा गएँ। किनभने भूमिगत नहुँदै पश्चिम चितवन मेरो इलाका थियो। सुरुमा थमबहादुरजीकै घरलाई केन्द्र बनाएर काम गर्न थालियो। अब मेरो दिनचर्या बदलिएको थियो। रातभरि काम गर्ने र दिउँसो लुकेर बस्ने सिलसिला सुरु भयो। घरका बाल, वृद्धा, युवा सबैलाई सम्झाउने, घरभित्रका काममा सघाउ–पघाउ गर्ने र बाँकी समय राजनीतिक अध्ययनमा बित्थ्यो। अर्को सेल्टरमा अँध्यारोमै पुग्ने गरी बिहान झिसमिसेमै वा साँझ परेपछि मात्रै हिँडिन्थ्यो। राती आसपासका किसानहरूलाई बोलाएर राजनीतिक कुरा गरिन्थ्यो। कहिलेकाहीँ रातभरि समर्थकहरूका भेला वा बैठक हुन्थे। भूमिगत पार्टीको दह्रो समर्थक भैसकेका साथीको घरलाई सेल्टरका रूपमा प्रयोग गरिन्थ्यो। त्यसलाई ठूलो उपलब्धिका रूपमा लिइन्थ्यो। त्यतिबेला पश्चिम चितवनमा क्रमशः बुद्धनगरका हरि कोइराला र हरि अधिकारी, लेबरनगरका आनन्द भट्टराई र नरबहादुर पुन (सोल्टी), ढकुल पुरी, मेघौलीका जयमङ्गल कुमाल र अमृत विक, शोशीका शिवराज लामिछाने, रातापुरका भीमबहादुर भण्डारी, गौतमनगरका परशुराम पौडेल, ध्रुवका रविचन्द्र घिमिरे, प्रकाश ढकाल, पुष्पराज रेग्मी र जगन्नाथ न्यौपाने, जगतपुरका रामु दराई र केशव पौडेल, पार्वतीपुरका बोधनाथ दवाडी अनि चनौलीका कुलबहादुर गुरुङका घरहरू भरपर्दा सेल्टर बनेका थिए।

भूमिगत हिँडेपछिका प्रारम्भिक दिनमा एकातिर भरपूर उत्साह थियो भने अर्कातिर अनुभवको अभावले पाइला–पाइलामा कठिनाइको अनुभूति पनि हुने गर्थ्यो। दुःखका क्षणमा म कहिले सहिद रत्नकुमार वान्तवाको 'हामी प्रतिकूल अवस्था र ठूल्ठूला अप्ठ्याराहरूको शिरलाई हाँसी–हाँसी कुल्चने मानसिकताले काममा जुटेका छौँ। नियमित जीवन, सुख, आनन्द, आराम र आलस्यजस्ता सबै गलत विचारलाई राम्ररी नै पछारिएको छ र तुफानी सङ्घर्षमा बाँच्ने रमाइलो जीवन सुरु भएको छ' भन्ने कुरा

सम्झने गर्थें त कहिले सिद्धिचरण श्रेष्ठको 'सागरको बीच आइसकेपछि भयले अब हट्नु हुँदैन, आँधी आई कुर्ले कुर्लोस् अब हिम्मत हार्नु हुँदैन' भन्ने कविता स्मरण गर्थें, मन दह्रो पार्ने गर्थें।

एउटा घटना सम्झन्छु– २०३९ पुस महिना हुनुपर्छ। बिहान तीन बजे उठेर मेघौलीबाट जगतपुर जाँदै थिएँ। बाटो बिराएँ। बाक्लो हुस्सु लागेको थियो। गैँडाको साम्नेमै पुगिएछ। देखिएन। आत्तिएर दौडिँदा खुट्टामा घाउचोट त लाग्यो। तर गैँडालाई भने छल्न सफल भइयो। बाटो खोज्दा खोज्दै उज्यालो भैहाल्यो। कुनै सेल्टरमा छिर्न सम्भव भएन। त्यसपछि दिनभरि राप्ती किनारमा बसेर दिन काट्नु परेको थियो।

पाइला–पाइलामा समस्या आउँथे। आफैँ नयाँ नयाँ उपायहरू खोज्नु पर्थ्यो। बेलाबखत जिल्ला सचिव कमरेड विनोद (केदार न्यौपाने) मलाई खोज्दै आइपुग्नु हुन्थ्यो। उहाँसँग भेट भएपछि राहत मिल्थ्यो। पार्टी कामका समस्या, सङ्गठन विस्तार र आन्दोलनका योजनाका बारेमा छलफल गरिन्थ्यो। कहिलेकाहीँ वरुण (मुकुन्द न्यौपाने) पनि पार्टी कामको अनुगमन या कार्यकर्ता प्रशिक्षणका सिलसिलामा मेरो इलाकाका सेल्टरमा आइपुग्नु हुन्थ्यो।

पश्चिम चितवनमा पार्टी कामको विस्तारका साथसाथै मैले भरपर्दा सेल्टरहरू पनि विकास गरिरहेको थिएँ। ती सेल्टरमा जिल्लास्तरका कार्यकर्ता भेला र बैठकहरू पनि आयोजना हुन थालेका थिए। पार्टी कामले गति लिइरहेको थियो। यसैबीच २०४० सालको अन्त्यमा पार्टीबाट मलाई मकवानपुर जिल्ला सरुवा गरियो।

झमक्क साँझ परेको थियो। कमरेड केदार न्यौपानेले हेटौँडा वनविज्ञान अध्ययन संस्थानको मूल गेटभन्दा करिब चार सय मिटरभित्र गुम्बाअगाडिको एउटा काठको घरमा लिएर जानुभयो। राजमार्ग भएर हिँडेको बाहेक हेटौँडा पुगेको यो पहिलो पटक नै थियो। त्यो सानो तीनकोठे काठको घरमा दुई मजदुर परिवार डेरा गरेर बस्दा रहेछन्– गङ्गा शर्मा लामिछाने (श्रीमती कमरेड रमेश) र केशव दुवाडी। हेटौँडाको माहोल मलाई नितान्त भिन्न अनुभूति भयो। राती १० बजे एकपछि अर्का उद्योगहरूले बजाएको साइरनको आवाज सुनिन्थ्यो। बिहान ६ बजे फेरि साइरन बज्थ्यो। कारखाना जाने र आउने मजदुरहरूको ताँती देखिन्थ्यो। मलाई म्याक्सिम गोर्कीको आमा उपन्यासमा वर्णित दृश्य र आवाजहरूको याद आयो। भोलिपल्ट दिनभरि हामी त्यहीँ घरभित्रै बसिरह्यौँ। नितान्त फरक परिवेशको अनुभूति भैरह्यो। साँझ परेपछि केदारजी र म निस्किएर त्यही औद्योगिक क्षेत्र पार गर्दै सुख्खा खहरे कटेर एउटा घरभित्र पस्यौँ। हामी पुग्नुअघि नै कमरेड वरुण (मुकुन्द न्यौपाने) र कमरेड कैलाश (मदन ढुङ्गेल) पुगिसक्नु भएको

रहेछ। त्यो मजदुर नेता ज्ञानबहादुर भुजेलको घर रहेछ। त्यस दिन त्यहाँ तत्कालीन नेकपा (माले)को नारायणी क्षेत्रीय सङ्गठन कमिटीको बैठकको आयोजना गरिएको रहेछ। म पनि त्यसमा भाग लिँदै रहेछु। यसबारे त्यसअघि मलाई बिल्कुलै जानकारी गराइएको थिएन। बैठक आरम्भ भयो। पार्टीले मलाई मकवानपुरमा जिल्ला सचिव र नारायणी क्षेत्रीय सङ्गठन कमिटीको सदस्य बनाउने निर्णय गरिसकेको रहेछ। बैठकमा मेरो स्वागत भयो। नयाँ जिम्मेवारी क्षमताका साथ पूरा गर्न शुभकामना दिइयो।

नयाँ ठाउँ, नयाँ परिवेश, अनि ठूलो जिम्मेवारी। सुरुका दिनहरूमा निकै चुनौतीको महसुस गरेँ। साथीहरूसँग परिचय हुँदै गयो। बाटोघाटो र सेल्टरहरूमा अभ्यस्त हुँदै गएँ। जिल्लाको राजनीतिक, सामाजिक र भौगोलिक परिस्थिति बुझ्दै गएँ। मकवानपुर प्रतिक्रियावादी शक्तिको महफ्वपूर्ण किल्ला भएकाले उच्च सावधानीका साथ काम गर्नुपर्छ भन्ने महसुस पनि भयो।

हेटौँडा औद्योगिक क्षेत्रका मजदुर, शिक्षक र कर्मचारीबीच फैलिँदो पार्टी काम, गतिविधि र आइरहने विविध खाले समस्याका कारण मेरो बसाइ सहर र गाउँका सेल्टरमा बराबरैजस्तो हुन्थ्यो।

२०४१ जेठमा पुनर्गठित जिल्ला सङ्गठन कमिटीमा ज्ञानबहादुर भुजेल (पारुङ), सूर्यचन्द्र न्यौपाने (जीवन) र रामप्रसाद ढकाल (दिनेश) मात्रै हुनुहुन्थ्यो। ६ महिनापछि हेटौँडाकै केशव लामिछाने (सुन्दर) कमिटीमा थपिनुभयो। कडा भूमिगत शैलीमा काम गर्नुपर्ने परिस्थिति भएकाले पूर्णकालीन र अंशकालीन कार्यकर्ताको आउने जाने क्रम चलिरहन्थ्यो। २०४२ सालमा स्वास्थ्यका कारणले सूर्यचन्द्रजीलाई जिल्ला कमिटीबाट बिदा गरियो भने चितवनबाटै जानुभएका देवी ज्ञवाली (विनय) लाई समावेश गरियो। रामप्रसाद र देवी चितवनबाट जानुभएका भूमिगत कार्यकर्ता हुनुहुन्थ्यो। ज्ञानबहादुरजीलाई मजदुर क्षेत्र, विनयलाई जिल्लाको पूर्वी क्षेत्र, दिनेशलाई पूर्वोत्तर र सुन्दरलाई पश्चिमोत्तर क्षेत्रको जिम्मा दिइएको थियो।

२०४२ सालमा नेपाल राष्ट्रिय शिक्षक सङ्गठनको नेतृत्वमा शिक्षकहरूको राष्ट्रव्यापी आन्दोलन चर्किरहेको थियो। शिक्षक आन्दोलनका मुख्य नेता बद्रीप्रसाद खतिवडाको गृहजिल्ला नै भएकाले हेटौँडा आन्दोलनको इपिसेन्टर थियो। जुलुस र सभा गर्न निस्केका शिक्षकमाथि प्रहरीले निर्मम लाठीचार्ज, व्यापक गिरफ्तारी र यातना दिइरहेको थियो। उता नेपाली कांग्रेसको नेतृत्वमा पञ्चायतका विरुद्ध चलिरहेको शान्तिपूर्ण सत्याग्रहमाथि पनि दमन भैरहेको थियो। त्यसैबीच असार ६ गते रामराजाप्रसाद सिंहको पार्टीले राजतन्त्रको अन्त्य र गणतन्त्रको माग गर्दै सिंहदरबार

लगायत काठमाडौँका विभिन्न ठाउँमा वम विस्फोटन गरायो। यो घटनाले पञ्चायती शासकहरूको मुटु थर्काएको थियो। त्यसपछिका दिनमा रामराजाका मान्छे खोज्ने बहानामा कम्युनिस्टहरूमाथिको दमन र धरपकड तीव्र पारियो। पञ्चायती राजनीतिमा उदाउँदो नेता र राजाको विश्वासपात्र मानिएको कमल थापाको जिल्ला मकवानपुरमा त निगरानी झन् तीव्र बनाइएको थियो। हामी झन् समस्यामा परेका थियौँ। पार्टी काम नगरी हुँदैनथ्यो। गाउँमा खटिनुभएका कमरेडहरूलाई सकेसम्म सहरका सेल्टरमा नआउन निर्देशन गरेँ। मलाई भने जिल्लाको सबैतिर पुग्नै पर्थ्यो। साथमा भूमिगत पार्टीको कागजपत्र हुन्थ्यो नै। गौँडा–गौँडामा गरिने प्रहरीको चेकजाँचबाट कसरी छलिने ? जहाँ समस्या, त्यहाँ उपाय भनेजस्तो मलाई पनि नयाँ आइडिया आयो। टोलका स्थानीय बासिन्दा तरकारी किन्न हिँडेजस्तो गरी त्यतिबेला व्यापक प्रचलित जुटको खुल्ला ब्याग लिएर हिँड्न थालेँ। गोप्य पार्टी सामग्री त्यसैभित्र हुन्थ्यो। चेकिङमा आफैँ अग्रसर भएर झोला देखाउन थाल्थेँ। सयौँ पटकका चेकिङमा सुरक्षाकर्मीले न कहिल्यै झोलातिर हेरे, न अनुहारतिर। अनायाश आइलागेको एउटा अप्ठेरो सङ्कटकाल यसरी टारियो।

२०४३ भदौ महिनाको कुरा हो। रामप्रसाद ढकाल (दिनेश) र म एउटा बैठकका सिलसिलामा मकवानपुरको उत्तरी भेग चखेल गइरहेका थियौँ। झमझम पानी परिरहेको थियो। हामी प्लास्टिक ओढेर चिप्लो उकालो बाटो जाँदै थियौँ। साँझ ९ बजेको हुँदो हो, एक जना तामाङ दाइ माथिबाट तल झर्दै रहेछन्। पञ्चहरूले कम्युनिस्टहरूको निगरानी बढाइरहेको अवस्था थियो। उनले नयाँ मानिस गाउँमा देखेपछि 'हानाङ' भनेर सोधे। मेरो अघिअघि हिँडिरहनुभएका रामप्रसाद कमरेडले केही भन्दै हुनुहुन्थ्यो, उनले गालामा एक चड्कन दिइहाले। हामी त्यहाँ प्रतिवादको फसादमा पर्नुभन्दा सुरक्षित उम्कनु र सेल्टरमा पुग्नु उपयुक्त ठानेर खोल्सातिर लाग्यौँ। बिना बाटो हामी झोर छिचोल्दै अन्दाज–अन्दाजमा हिँडेर रामबहादुर तामाङको घरमा पुग्यौँ। पानीले त भिजिएको थियो नै दुवै जनाका खुट्टामा फाल्नै नसक्ने गरी जुका टाँसिएका थिए। जुकाले टोक्दा भाउन्न होला जस्तो भइसकेको थियो। आँगनमा पुग्नासाथ रामबहादुरकी आमा भित्रबाट आउनुभयो र आफैँले खरानी र पाती दलिदिएर हाम्रो खुट्टाका जुका फालिदिनुभयो। माया गरेर भित्र लगेर अँगेनाको वरिपरि बसाएर न्यानो पार्नुभयो। तातो खाना खुवाउनुभयो। अरू साथीहरू आइसकेका थिए। राती अबेरसम्म बैठक बसेर उज्यालो हुने बेला साथीहरूलाई बिदा गरेर मात्र हामी सुतेका थियौँ। आज पनि म सम्झिरहन्छु रामबहादुरकी आमाको त्यो अपार स्नेह। जतिपटक जाँदा पनि औधि माया गर्ने ती आमाको नाम कहिल्यै सोधिएन। उहाँको त्यो वर्गीय प्रेमको व्याख्या गर्ने अहिले मसँग कुनै शब्द छैन।

हेटौँडामा सर्वाधिक प्रयोग गरिनेमध्येको एउटा महफ्वपूर्ण सेल्टर ज्ञानबहादुर भुजेलको घर थियो। २०४४ फागुन महिनाको एक साँझ म उहाँका केटाकेटीलाई केही सम्झाइरहेको थिएँ। कमरेड वरुणले सेतो सर्ट, नीलो पाइन्ट र हरियो जुत्ता लगाएको एक जना दुब्लो–पातलो नयाँ कमरेड पनि सँगै लिएर आउनुभयो। उहाँको चेहरा र कुराबाट मलाई तत्काल थाहा भयो– उहाँ भर्खरै जेलबाट रिहा हुनुभएका झापा आन्दोलनका नेता कमरेड केपी शर्मा ओली हुनुहुन्छ। हामी राती अबेरसम्म बसेर कुरा गर्‍यौँ। वर्षौं पुरानो साथी भेट भएजस्तो अनुभूति भयो, यद्यपि उहाँसँगको त्यो मेरो पहिलो भेट थियो।

हेटौँडामा त्यतिबेला केशव दुवाडी, गङ्गा शर्मा लामिछाने, सुमन घिमिरे, ध्रुव पोखरेल, भरत न्यौपाने, कृष्ण दवाडी, रेशमान राई, लोकनाथ पाण्डे, चीनबहादुर गुरुङ, ज्योतिलाल वन, तारानाथ दाहाल, राजकुमार लामा, पूर्णध्वज खड्का, पुष्कल श्रेष्ठ, रामचन्द्र राई, तेजप्रसाद रूपाखेती, विष्णु ओझा, राजकुमार प्रधान, गोमा तिमिल्सेना, सोमराज ओली, रघुनाथ खुलाल, आरआर चौलागाईं, सीता पुन, दीप सिलवाल, गणेश श्रेष्ठ, डिल्ली सुवेदी, भीम महर्जन र भरत दुलालका डेराहरूलाई पार्टीको सेल्टरका रूपमा प्रयोग गरिन्थ्यो। त्यसैगरी हेटौँडाकै श्रीचन्द्र शर्मा, भीमप्रसाद भट्टराई, ललित बस्नेत, अनन्त पौडेल, केशव लामिछाने, रामचन्द्र अधिकारी, लाल श्रेष्ठ, मोहन गुरुज्यू, बद्री खतिवडा, यादव शर्मा, धर्मदत्त न्यौपाने, रामेश्वर सुवेदी, मीनबहादुर प्रधान, प्रकाश काफ्ले, रामेश्वर राना, डोरमणि पौडेल, रामकृष्ण अधिकारी, सरस्वती बर्तौला, ईश्वरी न्यौपाने, नीलप्रसाद लामिछाने, रामचन्द्र प्याकुर्‍याल, मीनप्रसाद चौलागाईं, नारायण अधिकारी, रघु आचार्य लगायतका घरहरू पनि सेल्टर बनेका थिए। पूर्वी क्षेत्रमा हटियाका भैरव राई, कृष्णबहादुर राई, भोला रूपाखेती, राजदेवीकी बालकुमारी थापा र तरकारी बाजे, गढीका रोम न्यौपाने, प्रीतम रुम्बा, रामप्रसाद घिमिरे, हरि अधिकारी, तिलबहादुर न्यौपाने, बलराम हुमागाईं, चुच्चेखोलाका हरि सिग्देल र विशाल शर्मा, आमभञ्ज्याङका कृष्णहादुर थिङ, छक्कलबहादुर घलान, बुद्धलाल स्याङ्तान र कुवेर ढुङ्गाना, हर्नामाडीका केशव पण्डित र रवीन्द्र सुर्खेती, छतिवनका दलबहादुर वाइवा र उद्धव सापकोटा, ठिङ्गनका कृष्णप्रसाद दाहाल, बलराम ढकाल, हाजिरमान ब्लोन, हरि सापकोटा, अक्कलबहादुर स्याङ्तान, कृष्णप्रसाद घिमिरे र चेतनाथ दाहाल, फापरबारीका जङ्गबहादुर विक, कुलबहादुर विक र जितबहादुर गोले, राईगाउँकी पद्मा पौडेल र बेतिनीका ईन्द्रबहादुर लोप्चन लगायतका कमरेडहरूका घर आश्रयका रूपमा प्रयोग गरिन्थ्यो। त्यसैगरी जिल्लाको उत्तरी भेगमा भीमफेदीका सङ्घरत्न तुलाधर र केशव मुल्मी, टिस्टुङका अष्टमान बल, भाङखोरियाका कृष्णबहादुर स्याङ्तान, दामनका रामचन्द्र विष्ट, विष्णु परियार र राजु नापित, झिरघारीका रत्नबहादुर रुम्बा,

प्रेमबहादुर रुम्बा (ठूलो) र कृष्णबहादुर रुम्बा, पालुङका जङ्गली राजकुमार, घनश्याम अमात्य र श्याम श्रेष्ठ, चित्लाङका शम्भु लामिछाने र बुद्धरत्न मानन्धर, सिस्नेरीका ध्रुव लामिछाने, गोपाल बिडारी, दीपक बिडारी र रमेश बिडारी, फाखेलका वीरबहादुर लामा, सानोकान्छा लामा, जगतबहादुर लामा र धीरज लामा, लामबगरका प्रकाश तामाङ, टोड्केका पूर्णबहादुर लामा, चखेलका रामबहादुर तामाङ र दुर्गा लामा लगायतका कमरेडहरूको घर, दक्षिणतर्फ चुरियामाईका ऋषिराम घिसिङ र प्रेम भोम्जनका घर र पश्चिमतर्फ बसामाडीका गोकर्ण बर्तौला, पदमपुरका तिलक अधिकारी र कृष्ण नगरकोटी, बस्तीपुरका हरि पण्डितका घर अनि मनहरीका गौरी लामाको घरमा पटक–पटक सेल्टर लिइएको थियो । त्यसमध्ये हटियाका भैरव राई (दनुवार), राजदेवीकी बालकुमारी थापा (मगर), फाखेलका सानोकान्छा लामाका घरमा पटक–पटक पार्टी केन्द्रीय कमिटीका बैठकहरूको आयोजना पनि गरिएको थियो ।

मकवानपुरको राजनीतिक शक्ति सन्तुलन पनि त्यतिबेला विशिष्ट प्रकारकै थियो । कमल थापाको जिल्ला भएका कारण पञ्चहरूको विशेष रजगज थियो । इतर पक्षलाई अराष्ट्रिय तफ्व भनेर नामेटै पार्न चाहन्थे । देशभर सङ्गठन भएको पुरानो पार्टी काङ्ग्रेस भने मकवानपुरमा अत्यन्त कमजोर हालतमा थियो। एक्लै आन्दोलन गर्ने सामर्थ्य राख्दैनथ्यो । रूपचन्द्र विष्ट बेग्लै प्रकारको राजनीति गरेर राष्ट्रिय चर्चामा थिए । त्यसलाई उनी जनमुखी राजनीति भन्थे। उनको 'थाहा' आन्दोलनले धेरैको ध्यान आकर्षण गरेको थियो। उनी कम्युनिस्ट थिएनन्। तर उनको कम्युनिस्ट शैली र दृष्टिकोणले गर्दा पाखा भित्तामा बस्ने, शोषणमा परेका र डोके, नाम्ले, छाप्रे र हेपिएका मानिसहरू उनको आन्दोलनमा सक्रिय थिए । तल्लो तहका जनतामा उनको ठूलो प्रभाव थियो। तर कार्यकर्तालाई सङ्गठित नगर्ने उनको मान्यता थियो। हामी भने तिनै जनमुखी कार्यकर्तालाई तत्कालीन मालेको राजनीतिबाट दीक्षित गर्दै सङ्गठित गरिरहेका थियौँ। उनीहरूका घरलाई क्रमशः सेल्टर बनाउँदै गएका थियौँ। भक्तबहादुर श्रेष्ठ (शेरसिंह) जीको जिल्ला भए पनि चौथो महाधिवेशन धारको त्यतिबेला खासै प्रभाव थिएन। प्रारम्भिक दिनमा हेटौँडाका मजदुर वर्ग र शिक्षक समुदायका समस्यालाई लिएर आन्दोलनको पहल र अगुवाइ गरेर नै तत्कालीन नेकपा (माले)ले मकवानपुरमा आफ्नो सङ्गठन विस्तार गरेको थियो। पछिल्ला दिनमा लिएको पञ्चायतभित्र हस्तक्षेपको नीति र गतिशील सङ्गठनका कारणले नेकपा (माले) जिल्लामा सर्वाधिक आकर्षक राजनीतिक शक्ति बन्दै गएको थियो ।

जिल्ला कमिटीले बनाएको योजना बमोजिम सञ्चालित सङ्घर्षका कार्यक्रम र खुला गतिविधिलाई हेटौँडाका पायक पर्ने सेल्टरमा बसेर म अवलोकन र मूल्याङ्कन

गर्थें। भुटनदेवी माविको प्राङ्गणमा भएको २०४२ सालको शिक्षक प्रहरीबीचको भिडन्त, प्रत्येक वर्ष १ मई र ८ मार्चमा हुने मजदुर र महिलाहरूका जुझारु जुलुस तथा सभा, मानव अधिकार दिवसका कार्यक्रममा समेत हुने गरेका प्रशासनिक दमनका दृश्यहरू म कहिल्यै बिर्सन सक्दिनँ। रूपचन्द्र विष्टका कैयौँ विचारोत्तेजक भाषण र दार्शनिक कविता पनि मैले सेल्टरमै बसेर सुनिरहेको हुन्थेँ। मकवानपुरमा पाँच वर्ष सचिव भएर काम गर्ने अवसर मिल्यो। त्यसपछि पार्टीले मलाई चितवन पठायो।

२०४५ साउनमा नेकपा (माले) जिल्ला सङ्गठन कमिटीको सचिवको जिम्मेवारी सम्हाल्ने गरी म पुनः चितवन आएँ। त्यतिबेला जिल्ला सङ्गठन कमिटीका सदस्यहरूमा विष्णु घिमिरे, रामप्रसाद ढकाल, सीता पौडेल, प्रमोद न्यौपाने र शम्भु सुवेदी हुनुहुन्थ्यो। जिल्लामा आउनासाथ एकपछि अर्को आन्दोलनका गतिविधिहरू अघि बढेका थिए।

बढ्दो पार्टी कामको जिम्मेवारी, व्यस्तता र गोपनीयतासमेतलाई ध्यानमा राखेर साइकलको प्रयोग गर्नुपर्ने पार्टी नेतृत्वको सुझाव आयो। सहयोगी साथीहरूबाट एउटा पुरानो साइकल उपलब्ध भयो। भृकुटी कागज कारखानामा काम गर्ने कमरेडहरू रामकुमार राई र भक्तबहादुर पुनजीले एक साँझ साइकल चलाउन सिकाउनुभयो। भोलिपल्ट बिहानबाट साइकल चढेर गाउँ जान थालेँ। त्यसले मलाई स्वाभाविकै क्रियाशील बनायो र काममा चुस्तता पनि ल्यायो।

२०४६ साउनमा कमरेड केपी शर्मा ओली नारायणघाट आउनुभएको थियो। कमरेड केदार न्यौपाने र म नारायणघाटको बेलचोकस्थित मजदुर साथीहरू रामकमार राई, देशकुमार राई र भक्त पुनको डेरामा सँगै थियौँ। आन्दोलनको तयारी र पार्टीको आन्तरिक राजनीतिका बारेमा रातभर एउटै झुलभित्र बसेर केपी कमरेडसँग छलफल भएको थियो। त्यतिबेला सायद उहाँ लुम्बिनी अञ्चलमा पार्टी इन्चार्ज हुनुहुन्थ्यो।

चितवनमा सचिवको जिम्मेवारी लिएर काम गर्दा स्वाभाविक रूपमा जिल्लाका सबै इलाकामा पुग्नु पर्थ्यो। त्यतिबेला भरतपुरमा विष्णु घिमिरे, पूर्वमा जेपी भेटवाल, पश्चिममा थमबहादुर पुन, माडीमा शिव सापकोटा र मुग्लिङमा कलेन्द्र गौचनका घरहरू महफ्वपूर्ण सम्पर्क बिन्दुका रूपमा प्रयोग गरिन्थे। दीर्घनारायण पराजुली र गुरु न्यौपाने 'सुशील'का घर सेल्टरका रूपमा र उहाँहरूद्वारा संयुक्त रूपमा सञ्चालित नारायणी पुस्तक सदन देशभरका साथीहरूका लागि 'कन्ट्याक्ट प्वाइन्ट'का रूपमा प्रयोग गरिन्थ्यो। त्यस्तै भरतपुर आसपासमै लक्ष्मीकान्त चालिसे, देवी ज्ञवाली, सूर्य पोखरेल, छविलाल आचार्य, शम्भु धिताल, कृष्ण अधिकारी, कृष्ण तिवारी, ओमबहादुर, केशव खनाल, सीता अधिकारी, शम्भु विष्ट, शोभाकर चापागाई, कृष्ण बोलखे, शम्भु सुवेदी

(डेरा), कृष्ण खनाल (डेरा), मङ्गलराम दराईका घर पनि सेल्टरका रूपमा प्रयोग गरिन्थे। रत्ननगरमा राजेन्द्र श्रेष्ठ, ईश्वरी लामिछाने, रामकुमार चौधरी, बालसिंह चौधरी, दीपक कर्माचार्य, कमल भुसाल, जीवन अधिकारीका घर प्रयोग गरिन्थ्यो भने चैनपुरमा अर्जुन नेपाल, केदार नेपाल, शम्भु लामिछाने, जगन्नाथ थपलिया, गोपाल थपलिया, वसन्त नेपाल, गोपी नेपाल, अमर कार्की, चीनबहादुर लामा र आनन्द दराईका घरहरूमा सेल्टर लिइन्थ्यो। त्यसैगरी गोपाल पाठक, बाबुराम पाठक, देउबहादुर पुन, तारा गुरुङ, कृष्ण पुन, सीता पौडेल, भक्त पुन, गोविन्द दराई, दाबा दोर्जे लामा, कृष्णबहादुर राई, जलु चौधरी, नरबहादुर, घनश्याम ढुङ्गाना, बालकृष्ण लोहनी, फणिन्द्र पाठक, माधव खतिवडा, फणिन्द्र सेढाईं, शिव रिजाल, अमृतलाल तामाङ, लोकप्रसाद चापागाईं, हठना महतो, रामबहादुर खरेल, विश्वनाथ त्रिपाठी र शिवनारायण चौतारियाका घरहरू पूर्वी चितवनका अन्य सेल्टर थिए। पूर्वोत्तरमा खोलेसिमलका सुमन श्रेष्ठ, गैरीगाउँका टेष्टबहादुर गुरुङ र काउलेका रामहजुर रायमाझीका घरहरू पनि पार्टी काममा प्रयोग गरिन्थे। नेकपा (माले)को चौथो राष्ट्रिय महाधिवेशनभन्दा ठीक अगाडिको केन्द्रीय कमिटीको बैठक चैनपुरका अर्जुन नेपाल र आनन्द दराईको घरमा बसेको थियो।

पार्टीको चौथो राष्ट्रिय महाधिवेशनपछि कात्तिकमा बसेको केन्द्रीय कमिटीको बैठकले पञ्चायतको अन्त्य र प्रजातन्त्र प्राप्तिका निम्तिको सङ्घर्षका लागि तयारी कार्ययोजना अगाडि सार्‍यो। तदनुरूप जिल्लामा पनि चैनपुरका चीनबहादुर लामाको घरमा बसेको बैठकबाट विस्तृत योजना बनाएर अघि बढियो। केन्द्रको निर्देशनबमोजिम सङ्गठन सुदृढीकरणका कामहरू समयमै सम्पन्न भएका थिए। आन्दोलनका लागि तयार रहन पूर्वमा आनन्द दराई, भरतपुरमा शम्भु विष्ट र पश्चिममा हरि कोइरालाका घरमा अगुवा कार्यकर्ता प्रशिक्षण भेलाहरू गरिएका थिए। आन्दोलनका सवालमा जनताबाट सुझाव लिन राय सङ्कलनका भेलाहरू पनि ठाउँठाउँमा आयोजना गरिएका थिए। यसरी जनआन्दोलनका पूर्वतयारीका सम्पूर्ण काम पूरा भएका थिए।

सचिवका हैसियतले चितवन जिल्लामा आन्दोलनको मूल कमाण्ड सम्हाल्ने जिम्मेवारी मलाई परेको थियो। आपत्कालीन निर्णय लिनुपर्दा विष्णु घिमिरेसँग परामर्श गरेर निर्णय लिने पार्टीको निर्देशन थियो। माघ महिनाको आरम्भ हुँदै गर्दा हाम्रो पार्टीको पहलमा नरबहादुर खाँडको नेतृत्वमा जिल्लास्तरको वाममोर्चा गठन भएको थियो। माघपछिका दिनहरूमा व्यापक धरपकड सुरु भयो। खुला साथीहरू ठूलो सङ्ख्यामा गिरफ्तारीमा पर्नुभयो। रामप्रसाद ढकाल, शम्भु सुवेदी, प्रमोद न्यौपाने र डिलाराम लामिछाने भूमिगत नै हुनुहुन्थ्यो। विष्णु घिमिरे ढड्डाघारी र मङ्गलपुरका सेल्टरमा र सीता पौडेल वीरेन्द्रनगरका सेल्टरमा सुरक्षित बसेर आन्दोलनका काममा

क्रियाशील भैरहनुभयो। उहाँहरू सबैले आ–आफ्नो मोर्चा सम्हाल्नुभएको थियो। पार्टीका तर्फबाट आन्दोलनमा औपचारिक अगुवाइ गर्ने उद्देश्यले जेपी भेटवाललाई एकदमै सुरक्षित सेल्टरमा राखिएको थियो। नेपाली काङ्ग्रेस र वाममोर्चाका बीच भएको संयुक्त आन्दोलनको सहमति अनुसार फागुन ७ गतेबाट देशव्यापी आन्दोलन सुरु भयो। चितवनमा नारायणघाट बजारको सङ्गमचोक (सहिदचोक) मा ठीक एक बजे जेपी भेटवाल र भीमबहादुर श्रेष्ठले हँसिया हथौडा अङ्कित कम्युनिस्ट पार्टीको झण्डा लिएर जुलुसको अगुवाइ गर्नुभयो। उहाँहरूलाई तत्काल गिरफ्तार गर्नुका साथै प्रदर्शनकारीमाथि व्यापक दमन गरियो। जुलुसमा अश्रुग्यास मात्र होइन, गोली नै चलाइयो। प्रतिकारस्वरूप आन्दोलनकारीले प्रहरीमाथि ढुङ्गामुढा गरे, प्रहरीको गाडी जलाइदिए। दमन र प्रतिरोध घण्टौँ चलिरह्यो। त्यसदिनको नारायणघाटको प्रदर्शनमा तीन जना सहिद भए, दर्जनौँ घाइते भए र सयौँ गिरफ्तार गरिएका थिए। आन्दोलन ४९ दिनसम्म चल्यो। देशभर चलेको उक्त ऐतिहासिक जनआन्दोलनमा चितवन अग्रपङ्क्तिमै रहेर लडेको थियो। आन्दोलनको अवधिभर रामपुर कृषि क्याम्पसका शिक्षक, कर्मचारी र विद्यार्थीको उल्लेखनीय भूमिका थियो। त्यहाँका क्वार्टर र छात्रावास आन्दोलन सञ्चालन गर्ने हाम्रा भरपर्दा सेल्टर बनेका थिए। भरतपुर क्षेत्रमा लक्ष्मीकान्त चालिसेले संयोजन र परिचालन गर्नुभएको थियो। जिल्लाभरको आन्दोलन संयोजन गर्न नेपाली काङ्ग्रेसका सभापति कृष्णलाल सापकोटासँग नियमित सम्पर्क र सल्लाह हुने गर्थ्यो। यस काममा विशेषगरी विष्णु घिमिरे र विद्यार्थी नेता अर्जुन कार्कीलाई परिचालन गरिएको थियो। २०४६ सालको जनआन्दोलन जीवनमरणको सङ्घर्ष थियो तर हाम्रो सिङ्गो पार्टीपङ्क्तिले डटेर प्रतिकूलताको सामना गऱ्यो र उच्च मनोवलका साथ आ–आफ्नो ठाउँबाट आन्दोलनको अगुवाइ गऱ्यो। केही अपवादबाहेक कसैले पनि पञ्चायती शासकहरूका सामु घुँडा टेकेनन्। आखिर चैत २६ गते बहुदलको घोषणा गर्न राजा वीरेन्द्र बाध्य भए। बहुदल घोषणा भएको क्षण म कृष्णपुरका कमरेड लक्ष्मीकान्त चालिसेको घरमा थिएँ। रेडियोमा राजाको प्रत्यक्ष प्रसारण आएपछि वातावरण यति उल्लासपूर्ण भयो कि त्यस रात कोही पनि सुत्न सकेनन्। भोलिपल्ट जीवनमा कहिल्यै नदेखेको दृश्य देखियो। बिहानैदेखि भरतपुर र नारायणघाटका सारा सडक काङ्ग्रेस र कम्युनिस्टका झण्डा हातमा लिएका मानिसहरूले भरिएका थिए। क्याम्पाचौर राताम्य भएको थियो। भूमिगत रूपले मात्र पार्टीका झण्डा बोकेर हिँडेका मानिसलाई यो अभूतपूर्व दृश्य थियो। त्यतिबेला मलाई शब्दमा व्यक्त गर्न नसकिने सुखानुभूति भएको थियो। दिउँसो क्याम्पाचौरमा आन्दोलनकारी दलहरूले विशाल संयुक्त आमसभा गरे। हामी भूमिगत कार्यकर्ता भने मञ्चमा गएनौँ।

चैत २६ गते राजाले दलमाथिको प्रतिबन्ध मात्र हटाएका थिए। जनदबाब जारी रहेपछि २०४७ वैशाख ३ गते राष्ट्रिय पञ्चायतको विघटन गर्न र ५ गते पञ्चायतका स्थानीय निकाय तथा जनवर्गीय सङ्गठन खारेज गर्न राजा विवश भए। वैशाख ६ गते कृष्णप्रसाद भट्टराईको नेतृत्वमा अन्तरिम सरकारको गठन भएपश्चात् पनि स्थिति तरल नै रह्यो। संविधान निर्माणका सवालमा राजाले पटक–पटक षड्यन्त्र गर्न खोजेका थिए। तर सफल भएनन्। अन्ततः २०४७ कात्तिक २३ गते तत्कालीन शक्ति–सन्तुलन अनुरूपको संविधान बनाएर जारी गरिएको थियो। तबमात्र हामी भूमिगत कार्यकर्ता खुल्ला भएका थियौँ। तर म आफ्नो घर–जिल्ला तनहुँ नफर्किएको हुँदा मेरो बसाइ कमरेडहरूका घर (सेल्टर) मा २०४९ सालसम्मै पूर्ववत् जारी थियो।

पूर्णकालीन भएपछि मेरो भूमिगत जीवन विशेष गरी मकवानपुर र चितवनमै बित्यो। अञ्चल कमिटीमा झण्डै एक दशक एउटै कमिटीमा बसेर काम गरेका वरुण, विनोद, कैलाश, जयन्त, रमेशहरू को र कहाँका हुनुहुन्थ्यो, मलाई थाहा थिएन। आज पनि आश्चर्य लाग्छ– त्यतिबेलाको हाम्रो भूमिगत परिपाटी सम्झिएर। म बसेका सेल्टरदातालाई पनि कहिल्यै थाहा भएन– म को र कहाँको थिएँ भनेर। तर ममाथि उहाँहरूको विश्वास यति अगाध थियो कि घरका गुह्य कुरा पनि मसँग हुन्थे। मनका बह पोखिन्थे। घरमा मनमुटाव उत्पन्न हुँदा या घर–व्यवहारमा अनिर्णयको अवस्था आउँदा हाम्रो सल्लाहलाई अन्तिम मानिन्थ्यो। पार्टीको हितका सामु सबै कुरा तपसिलमा पर्थे।

वर्षौंपछि घरमा आएका नजिकका आफन्त–पाहुनालाई समेत अन्यत्र पठाएर हामीलाई बस्ने व्यवस्था मिलाइन्थ्यो। पार्टीको गोपनीयता कायम राख्न खोज्दा कतिपय सेल्टरदाता कमरेडहरूको आफ्ना नजिकका नातेदारहरूसँगको सम्बन्ध टुटेको थियो। कम्युनिस्टलाई आश्रय दिएको आशङ्कामा कतिपय शिक्षक र कर्मचारी साथीहरूको प्रमोसन रोकिएको थियो र अपायक सरुवा भएको थियो। त्यस्तो अमानवीय सजायलाई पनि कतिपय सेल्टरदाता कमरेडहरूले पार्टीको नयाँ सम्पर्कको अवसरका रूपमा उपयोग गर्नुभएको थियो। हामी रातीको बाह्र बजे पुगे पनि उठेर उत्साहका साथ खाना पकाएर खुवाउनु हुन्थ्यो। जाडोमा आफू च्यादर ओडेर न्यानो सिरक हामीलाई दिनुहुन्थ्यो। कुनै मीठो तरकारी या फलफूल घरमा तयार हुँदैछ भने हामी पुगेपछि मात्र खाइन्थ्यो। आफूले लगाइराखेको दामी लुगा लगाउन दिनुहुन्थ्यो। पार्टीलाई लेभी त नियमित रूपमा तिर्नुहुन्थ्यो नै, घरमा कुनै अतिरिक्त आम्दानी भयो भने पार्टीलाई विशेष सहयोगसमेत गर्नुहुन्थ्यो। थाहा छैन, कहाँबाट जाग्थ्यो कम्युनिस्ट पार्टीप्रति त्यो अनन्य श्रद्धा ! त्यतिमात्र होइन, कहिलेकाहीँ रात–रातभर अप्ठेरो बाटो हिँडेर एउटा सेल्टरबाट अर्को सेल्टरमा सुरक्षित रूपमा पुर्‍याउनु हुन्थ्यो। गाउँमा पस्दा–निस्कँदा बिल्कुलै अँध्यारोमा

मात्र, त्यो पनि यथासम्भव टर्चलाइट नबालेर नै हिँड्ने गरिन्थ्यो। सहर–बजार र लामो यात्रा मात्रै दिनको समयमा प्रयोग गरिन्थ्यो, त्यो पनि सावधानीका साथ। संयोगवश सेल्टरदाता र भूमिगत कार्यकर्ताको बीच बाटोमा कतै भेट भैहाल्यो भने अपरिचित जस्तो व्यवहार गर्ने गरिन्थ्यो। सेल्टरमा बस्दा हामीलाई देखाएर बच्चाबच्ची शान्त पारिन्थ्यो। विचार मिल्नेहरूका बीचमा प्रगतिशील विवाह गराएर जनसंस्कृतिको अभिवृद्धि गर्ने पार्टीको अग्रसरतामा साथ दिनुहुन्थ्यो। सेल्टर सकेसम्म गरिब साथीहरूका घरमा लिइन्थ्यो। तिनै घर हाम्रा गोप्य कागजपत्र र दस्तावेजहरू राख्ने भूमिगत कार्यालय पनि हुन्थे। त्यतिबेला ठूलो सङ्ख्यामा सरकारी गुप्तचर परिचालित गरिन्थे। गाउँ–गाउँमा पञ्चहरू स्वयं गुप्तचरको भूमिकामा पनि हुन्थे। तसर्थ हाम्रा सेल्टरदाताहरूलाई पार्टीको गोप्यता कायम राख्न सहज थिएन। बेलाबखत उहाँहरू पक्राउ पर्नुहुन्थ्यो। गोप्यता खुलाउनका लागि प्रहरीले चरम यातना दिन्थ्यो। त्यस्तो कष्टका बेलामा पनि उहाँहरूले पार्टीको गोपनीयता कहिल्यै खोल्नुभएन। आफ्नो ज्यान जोखिममा पारेर भए पनि हामीलाई जोगाउनुभयो। सञ्चारका माध्यम सहज थिएनन्। ठूला सहरका ठूला घरमा मात्र ल्यान्डलाइन टेलिफोन थिए। साना–साना चिट्ठीका माध्यमबाट सूचना आदान–प्रदान गरिन्थ्यो। चिठी पनि प्रायः साङ्केतिक भाषामै हुन्थे। पत्र आदान–प्रदानमा आश्रयदाताकै सहयोग रहन्थ्यो। सुरक्षाको प्रश्न महफ्वपूर्ण थियो। हाम्रा कारणले झमेला बेहोरिरहेका तर भविष्यप्रति निश्चिन्त सेल्टरदाता देख्दा त्यसै–त्यसै द्रवित भइन्थ्यो। हाम्रो मनको कुनै कुनामा एकप्रकारको सन्त्रास स्थायी रूपमा बसिरहेकै हुन्थ्यो। तर क्रान्तिको बाटोमा हिँड्दा आफूमाथि कुनै पनि बेला कुनै पनि स्तरको घटना हुन सक्छ, त्यसका लागि सदा तयार रहनुपर्छ भन्ने स्थायी मानसिकता रहन्थ्यो। त्यसमाथि जनताको सुरक्षा घेराभित्र बसिरहेको भन्ने मनोविज्ञानले हामीलाई उत्साहित बनाइरहेको हुन्थ्यो। सेल्टरदाता साथीहरूको अपार कमरेडली माया र उहाँहरूको उच्च पार्टी भावनाका कारण निजी जीवनका विषयमा चिन्ता गर्नु क्रान्तिप्रतिको ठूलो धोका हो भन्ने लाग्थ्यो। आफ्ना बारेमा सोचाइ आउन खोज्दा मनलाई नियन्त्रण गरिन्थ्यो। एउटा असल कम्युनिस्ट कसरी बन्ने र देशको आमूल परिवर्तनमा कसरी योगदान गर्ने भन्ने कुरा नै मनमा सधैँ हुटहुटी भैरहन्थ्यो। क्रान्ति, देश, पार्टी र जनता जति महान् अरू केही हुँदैन जस्तो लाग्थ्यो। तसर्थ, भूमिगत कालका ती सेल्टर मात्र सेल्टर थिएनन्, हाम्रा लागि त ती माइन्ड–सेटर पनि थिए।

अन्तिममा भन्नै मन लाग्छ, कम्युनिस्ट पार्टी निर्माणमा आधारशीलाका रूपमा महफ्वपूर्ण योगदान गरेका समस्त सेल्टरदाता कमरेडहरू लाख–लाख सलाम ! पञ्चायती कालरात्रिमा तपाईंको घरमा आउने भूमिगत साथी दीपक, गोविन्द र रोशन

नामको काशीनाथ अधिकारी म नै हुँ। मेरा निजी कमजोरीका कारण तपाईं र तपाईंको परिवारलाई पर्न गएको अप्ठ्यारोका निमित्त यत्तिका वर्षपछि सार्वजनिक रूपमै क्षमा माग्दछु। यो आलेखमा मकवानपुर र चितवनका कुनै सेल्टरदाता कमरेडहरूको नाम छुटेको पनि हुन सक्छ, मेरो कमजोर स्मृतिलाई माफ गर्नुहोला। पार्टी निर्माण गर्न र देशको इतिहास बदल्न योगदान गर्ने तपाईँसबै सबै असम्बोधित महान् पात्रलाई उच्च सम्मानसहित अन्तस्करणदेखिको प्रणाम र लालसलाम टक्र्याउँछु। ●